बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बाँफिकोट गाउँपालिका रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल

पत्र संख्या : ०८१/०८२ प्रशासन
चलानी नम्बर : १९८८

मिति: वि.स. २०८२।३।२६।
नेपाल सम्बत १९४५ दिल्लाथ्व१५ बिहीबार

## स्तरवृद्धिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना !
(प्रकाशन मिति : २०८२/०३/२६ गते)

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ र सोको नियमावली परिच्छेद ६ को नियम २९ मा आवश्यक योग्यता पुगेका कर्मचारीहरूको स्तरवृद्धि गर्न सकिने र त्यसका लागि सम्बन्धित स्थानीय तहले ७ (सात) दिनको सूचना प्रकाशनसहितको आवश्यक कार्यविधि पूरा गरी स्तरवृद्धि गर्नुपर्ने व्यवस्थाबमोजिम उक्त ऐन र नियमावलीमा उल्लेख भएबमोजिम योग्यता पुगेका यस बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका निकायहरूमा कार्यरत इच्छुक कर्मचारीहरूले कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची-१८ बमोजिमको फाराम भरी तपसिलका कागजातहरूसहित २०८२ साउन २ गते कार्यालय समयभित्र स्तरवृद्धिको लागि आवेदन पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको

छ।

**तपसिल**

१. स्तरवृद्धि हुने तहभन्दा एक तहमुनिको पदमा ५ वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (सुरु नियुक्ति पत्र / बढुवा नियुक्ति पत्र / समायोजन पत्र / पदस्थापना भएको प्रमाणित प्रतिलिपि)

२. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम

३. न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

निमित्त प्रमुख प्रशासकिय अधिकृत
लेखक खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत